# नेपाल खाद्य संस्थान

## पदपूर्ति सम्बन्धी सूचना

२०७३।७।८ गते
गोरखापत्र

**प्रथम पटक प्रकाशित मिति २०७३।०७।०८**

लोक सेवा आयोगको मिति २०७२।१२।०४ को निर्णयबाट सहमति प्राप्त भए बमोजिम पदपूर्ति समितिको मिति २०७३।७।०४ को निर्णय समेतका आधारमा यस संस्थानको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका देहायका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इन्छुक उमेदवारहरुले रित पूर्वकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै, लिखित परीक्षा लोकसेवा आयोगद्धारा लिइनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | खुला र समावेशी | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता । | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | २२।२०७२।०७३ | वरिष्ठ अधिकृत (प्रशासन) | ७ | खुला<br>महिला | २ (दुई)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उतिर्ण | रु ७०० |
| २ | २३।२०७२।०७३ | अधिकृत (प्रशासन) | ६ | खुला<br>महिला<br>आ.ज. | २ (दुई)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतीर्ण । | रु ५०० |
| ३ | २४।२०७२।०७३ | वरिष्ठ सहायक (प्रशासन) | ५ | खुला<br>महिला<br>आ.ज. | ४ (चार)<br>१ (एक)<br>१ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उतीर्ण । | रु ४०० |
| ४ | २५।२०७२।०७३ | मिल अपरेटर (प्रशासन) | ५ | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा मेकानिकल इन्जीनियरिङमा प्रमाण पत्र तह उतीर्ण । | रु ४०० |
| ५ | २६।२०७२।०७३ | सहायक (प्रशासन) | ४ | खुला<br>महिला<br>आ.ज.<br>मधेशी<br>दलित<br>अपाङ्ग<br>पिछडिएको क्षेत्र | ९ (नौ)<br>३ (तीन)<br>१ (एक)<br>१ (एक)<br>१ (एक)<br>१ (एक)<br>१ (एक) | एस.एल सि. वा सो सरह उतिर्ण । | रु ४०० |

**परीक्षाको किसिम :** लिखित तथा अन्तरवार्ता **परीक्षा केन्द्र :** काठमाण्डौं ।

**परिक्षणकाल :** संस्थानको विनियमावली २०६४ (संशोधन सहित) अनुसार हुनेछ ।

**कामको किसिम :** नियुक्ति पत्रमा तोके बमोजिम हुनेछ । **दरखास्त फारम दस्तुर :** रु ५० (पचास) ।

**दरखास्त फारम पाउने तथा बुझाउने स्थान :** संस्थानको प्रधान कार्यलय, भद्रकाली प्लाजा, काठमाण्डौं ।

**परीक्षा दस्तुर बुझाउने बैंक :** ने. बैं. लि. धर्मपथ आ.डि.हि.नं. ००२३०४००४९७५९२००००१

**दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन र दोव्वर दस्तुर तिरी अर्को ७ (सात) दिन भित्र दरखास्त बुझाउन सकिनेछ ।

**सम्पर्क मिति :** पछि प्रकाशित गरिनेछ । **तलब तथा अन्य सुविधा :** संस्थानको विनियमावली अनुसार हुनेछ ।

**काम गर्नु पर्ने स्थान :** चौथो, पाँचौ र छैटौं पदको लागि कर्णाली अञ्चलका सबै जिल्लाहरु, जाजरकोट, बाजुरा र गोरखा जिल्ला आदि ।

**द्रस्टब्य :**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (लब्धाङ्ग पत्र तथा चारित्रीक प्रमाणपत्र) अनुभव तथा नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि र परीक्षा दस्तुर बुझाएको सक्कल बैंक भौचर/नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिहरुमा उमेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गर्नु पर्नेछ ।

ख) उमेरको हद : दरखास्त दिने अन्तिम मिति सम्म : अधिकृत स्तरको लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तर महिला तथा प्राविधिक उ... ...रको लागि ४० वर्ष ननाघेको ।

ग) संस्थानमा वहालवाला स्थायी कर्मचारीलाई कुनै पनि पदमा नियुक्तिको लागि उमेरको हद लाग्ने छैन ।

घ) दोव्वर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा अनुभव प्रयोजनको लागि गणना गरिने छैन ।

ङ) उम्मेदवार हुन भविष्यमा सेवाको लागि अयोग्य ठहरिने गरि सरकारी वा कुनै संगठित संस्थानको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैर नेपाली नागरिक हुनु हुदैन ।

च) विज्ञापन अनुसार प्रत्येक पदको लागि दरखास्त फारम छुट्टा छुट्टै हनु पर्ने छ ।

छ) म्याद नाघी वा रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**समावेशी तर्फका उमेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरु :**

क) आदिवासी/जनजातीको हकमा नेपाल आदिवासी जनजाति उत्थान सहित प्रतिष्ठान ऐनमा सूचिकृत भएको सूचिको आधारमा । तर सूचिकृत भएको जाती भित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाती भित्रको थर पनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचिको आधारमा र सो सूचिकृत भएको जाती भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने छ ।

ग) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमका मधेशी भनी प्रमाणित गरेको आधारमा ।

घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्‌बाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

ङ) पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बभाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरि सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाऊँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनि प्रमाणित गरेको आधारमा ।

च) समावेशी तर्फको एक विज्ञापनमा एक भन्दा बढी समूहमा दरखास्त दिने उमेदवारले प्रत्येक थप समूहको लागि तोकिएको परीक्षा दस्तुरको २० प्रतिशत थप दस्तुर बुझाउनु पर्ने छ ।

सहायक स्तर चौथो र पाचौ तहको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (तर महिला तथा प्राविधिक उमेदवारको लागि ४० वर्ष ननाघेको)